फिक्कल गाउँपालिका

**खाङ्साङ, सिन्धुली**

**३ नं. प्रदेश, नेपाल**

# स्थानीय राजपत्र

| खण्ड १ | संख्या : १ | मिति : २०७६।३।२० |
|---|---|---|

भाग-१

**प्रस्तावना :**

फिक्कल गाउँकार्यपालिकाको कार्यालयमा रहेका एम्बुलेन्स प्रभावकारी ढङ्गले सञ्चालन, रेखदेख, व्यवस्थापन गर्न तथा उक्त एम्बुलेन्स स-शुल्क भाडामा वा दुर्घट्ना बाट घाइते भएका बिरामीको प्रयोजनका लागि निःशुल्क उपलब्ध गराउन कार्यबिधि बनाई लागू गर्न बाञ्छनीय देखिएकोले , फिक्कल गाउँपालिका क्षेत्र भित्रका जनता लगायत छिमेकी गाउँपालिका, नगरपालिका तथा जिल्लाहरु समेतका बिरामी परेका जनतालाई छिटो सुविधा युक्त श्वास्थ्य संस्था, अस्पतालमा सशुल्क / निःशुल्क पुर्याउने कार्य गर्नका लागि यस कार्यालयसँग रहेको एम्बुलेन्स **सञ्चालन** का लागि देहायका शर्त , बन्देजमा रही सञ्चालन तथा व्यवस्थापन गर्ने गराउने गरी फिक्कल **गाउँ कार्यपालिकाको** मिति २०७६।३।२० को कार्यपालिका बैठकबाट स्वीकृत गरी यो कार्यविधि कार्यान्वयनमा ल्याइएको छ।

## एम्बुलेन्स सञ्चालन सम्बन्धी कार्यविधि, २०७६

कार्यपालिकाबाट पारित मिति २०७६।३।२०

प्रमाणिकरण मिति २०७६।०४।१३

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम "**एम्बुलेन्स सञ्चालन सम्बन्धी कार्यविधि, २०७६**" रहेको छ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमाः

१. **ऐन** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ।

२. **नियमावली** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन बमोजिम बनेको नियमावलीलाई सम्झनु पर्दछ।

३. **गाउँपालिका** भन्नाले फिक्कल गाउँपालिकालाई सम्झनु पर्दछ। सो शब्दले आवश्यक परेको अवस्थामा अन्य गाउँपालिकालाई समेत जनाउनेछ।

४. **गाउँसभा** भन्नाले फिक्कल गाउँ सभालाई सम्झनु पर्दछ।

५. **अध्यक्ष** भन्नाले फिक्कल गाउँपालिकाका अध्यक्षलाई सम्झनु पर्दछ।

६. **उपाध्यक्ष** भन्नाले फिक्कल गाउँपालिकाका उपाध्यक्षलाई सम्झनु पर्दछ।

७. गाउँ **कार्यपालिका** भन्नाले फिक्कल गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ।

८. **प्रमुख प्रशासकीय अधिकृत** भन्नाले फिक्कल गाउँ कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

९. **इन्जिनियर** भन्नाले फिक्कल गाउँपालिकाका इन्जिनियरलाई सम्झनु पर्दछ। सो शब्दले गाउँपालिकाले सेवा परामर्श लिन सम्झौता गरेको इन्जिनियरलाई समेत जनाउँदछ।

१०. **कार्यालय** भन्नाले फिक्कल गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ।

११. **प्रयोगकर्ता** भन्नाले एम्बुलेन्स सञ्चालनका लागि लिई जाने संघ, संस्था, व्यक्ति वा सरकारी निकाय सम्झनु पर्दछ।

१२. **भाडा** भन्नाले एम्बुलेन्स भाडामा उपलब्ध गराउन निर्धारण गरिएको दर रेटबाट हुन आउने रकमलाई सम्झनु पर्दछ।



१३. **बिल** भन्नाले एम्बुलेन्स सञ्चालन गरेको अपरेसन लगसीटको आधारमा कार्यालयले भाडा बापतको रकम राजस्व खातामा जम्मा गर्नको लागि तयार गर्ने भाडा महसुल बिललाई सम्झनु पर्दछ।

१४. **चालक** भन्नाले एम्बुलेन्स सञ्चालन गर्न खटिई जाने कर्मचारीलाई सम्झनु पर्दछ।

**३. उद्देश्यः**

फिक्कल गाउँ कार्यपालिकाको कार्यालयबाट सेवा प्रदान गर्नु पर्ने स्थानीय गाउँपालिकाबासी, अन्य यस गाउँपालिका भएर यात्रा गर्ने वा काम गर्ने व्यक्तिहरु संघसंस्था, नेपाल सरकार वा दातृ संस्था द्वारा सञ्चालित विकास आयोजनाहरु मा कार्यरत व्यक्तिहरु तथा छिमेकी गाउँपालिका , नगरपालिका का बिरामी परेका जनताको सेवामा समेत माग भई आए अनुसार प्राथमिकताका आधारमा प्रयोगमा पठाउन तथा एम्बुलेन्स सञ्चालन विधिमा एकरुपता र सरलता ल्याउनु यो कार्यविधिको प्रमुख उद्देश्य रहेको छ।

**४. सञ्चालन विधिः**

(१) फिक्कल गाउँपालिका भित्रका बिरामी परेका जनता लाई आकस्मिक सेवा कार्यहरुमा प्रयोग नभई एम्बुलेन्स खाली रहेको अवस्थामा सेवा कार्यमा बाधा नपर्ने गरी सञ्चालक समितिको सिफारिशमा गाउँ कार्यपालिकाले तोके बमोजिमको भाडा लिई कुनै पनि व्यक्ति वा संघ संस्थालाई एम्बुलेन्स सेवा भाडामा उपलब्ध गराउन सकिनेछ।

(२) कुनै पनि व्यक्ति, संघ संस्थालाई आवश्यक परेको एम्बुलेन्स प्रयोगमा ल्याउनका लागि देहायका प्रकृया पूरा भए पश्चात मात्र उक्त एम्बुलेन्स उपलब्ध गराइनेछ।

(१) व्यक्ति वा संस्थाबाट प्रयोगका लागि भाडामा संचालन गर्न माग गरिएको अवधिको लागि कार्यालयले उपलब्ध गराउन स क्ने अवस्था भएमा गाउँपालिकामा निवेदन दिनु पर्नेछ।

(२) माग निवेदन उपर कार्यालयबाट उपलब्ध गराउने निर्णय भएपश्चात तोकिएको भाडा दर बमोजिम प्रयोगकर्ताले प्रयोग गर्न चाहेको अवधिको लागि लाग्ने भाडा रकम अग्रिम गाउँ कार्यपालिकाको कार्यालयमा नगद बुझाई सोको आम्दानी रसिद वा प्राइम कमर्सिय बैकं शाखा कार्यालय खाङसाङ फिक्कल गाउँपालिकाको नाममा रहेको संचित कोष खातामा रकम जम्मा गरेको सक्कलै भौचर पेश गर्नुपर्नेछ।

(३) गाँउपालिकाको बजेटबाट संचालन गर्ने स्वास्थ्यसेवा कार्य को लागि गाँउपालिकाकै एम्बुलेन्स प्रयोग गर्नु परेमा धरौटी राख्नु पर्ने छैन।

(४) एम्बुलेन्स प्रयोग गरे वापत कुन स्थानबाट कुन स्थान सम्म क ति शुल्क लिने हो भन्ने सम्बन्धमा शुल्क निर्धारण अनुसूची १ मा तोकिए बमोजिम हुनेछ।

(५) एम्बुलेन्स खटाउँदा कार्यालय कम्पाउण्डदेखि काम सम्पन्न गरी पुनः कार्यालय फिर्ता भएसम्मको तोकीएको भाडा हिसाब गरी लाग्ने शुल्क एम्बुलेन्स प्रयोगकर्ताले बुझाउनु पर्नेछ।

(६) एम्बुलेन्स खटिगएको स्थानमा पुगी काम सम्पन्न गरी कार्यालय फिर्ता भए पश्चात एम्बुलेन्स चालकले कामको विवरण सहित को अद्यावधिक अभिलेख भरी कार्यालय समक्ष पेश गर्नु पर्नेछ।

(७) गाउँपालिकाले आवश्यकता र औचित्यताको आधारमा निश्चित समयसम्म कार्य गर्न एम्बुलेन्स सोझै उपलब्ध गराउन सक्नेछ। उक्त कामको विवरण समेत अभिलेखवद्ध गर्नुपर्नेछ।

५. एम्बुलेन्स मर्मत सम्बन्धी व्यवस्थाः

(८) एम्बुलेन्स चालकले इन्धन तथा लुब्रिकेन्ट माग गर्दा कार्यालयले निर्धारण गरेको फाराम स्वीकृत गराएर मात्र माग गर्नुपर्नेछ। इन्धन तथा लुब्रिकेन्ट खपतको अद्यावधिक विवरण एम्बुलेन्स चालकले तयार गरी कार्यालय प्रमुख समक्ष पेश गर्नुपर्नेछ।

(९) इन्धन तथा लुब्रिकेन्ट र मर्मत सम्बन्धी सम्पूर्ण कार्यको विस्तृत लगत गाउँ कार्यपालिकाको कार्यालयको जिन्सी शाखामा अद्यावधिक गरी राखिनेछ।

(१०) एम्बुलेन्स बिग्रिएमा बिग्रिएको लिखित । मौखिक जानकारी एम्बुलेन्स चालकले कार्यालयलाई गराउनु पर्नेछ। कार्यालयबाट वर्कसपमा चेकजाँच गराई मर्मत गर्नुपर्ने कार्यको विस्तृत विवरण माग गरी स्वीकृत भएपश्चात मात्र मर्मत सम्भार कार्य गरिनेछ।

(११) मर्मत सम्भारको कार्य गर्दा गराउँदा एम्बुलेन्स चालक वा इन्जिनियर वा तोकिएको कार्यालयको प्रतिनिधि वर्कसपमा रहनुपर्नेछ।

६. सञ्चालन शुल्क

१ गाउँपालिका आफैले संचालन गरेको अवस्थामा मुल्य सुची बमोजिमको रकम एम्बुलेन्स चालकलाई सेवाग्राहीले उपलब्ध गराउनु पर्ने छ। रकम बुझाए पछि सेवाग्राहीलाई बिल अनिर्वाय उपलब्ध गराउनु पर्ने छ।

२ फिक्कल गाउँपालिकाका स्थानीय नागरिकलाइ फिक्कल गाउँपालिका भित्रको प्रसुती केन्द्र मा प्रसुती गराउँदा निशुल्क र फिक्कल गाउँपालिकाका स्थानीय नागरिकलाइ फिक्कल गाउँपालिका बाहिर प्रसुती केन्द्र मा शुल्कको ५० प्रतिशत छुट दिइने छ। फि क्कल गाउँपालिकाका स्थानीय जेष्ठ नागरिक ,अपाङगले (फिक्कल गाउँपालिका,सिन्धुलीले जारी गरेको जेष्ठ नागरिक र अपाङग परिचयपत्र क वर्ग अनिवार्य पेश गर्नु पर्ने छ ) एम्बुलेन्स प्रयोग गर्दा शुल्कको ५० प्रतिशत छुट दिइनेछ। गाउँपालिका क्षेत्र भित्रको प्राकृतिक प्रकोप तथा सडक दुर्घटनामा परेका घाइतेहरूलाइ निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराइने छ।

७. खाता संचालनं

एम्बुलेन्स संचालनबाट प्राप्त आम्दानी अन्य श्रोतबाट प्राप्त अनुदान रकम एम्बुलेन्स संचालनका लागि एक छुट्टै खाता खोली राखीने छ। सोही खाताबाट कारोवार गरीनेछ। खाता संचालन एम्बुलेन्स व्यवस्थापन संचालन समितिको निर्णय बमोजिम हुने छ।

८. कर्मचारी व्यवस्था

(१२) एम्बुलेन्स सवारी चालक कानून बमोजिम करार सेवा तथा दैनिक ज्यालादारीमा नियुक्त गरिनेछ।

(१३) करारमा नियुक्त कर्मचारीको सेवा सुविधा करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

९. सञ्चालन तथा व्यवस्थापन समिति

गाउँ कार्यपालिका का एम्बुलेन्सको सञ्चालन तथा व्यवस्थापनका लागि नीतिगत तथा निर्देशनात्मक व्यवस्थाका लागि तपसिल बमोजिमको सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ।

| | | |
|---|---|---|
| गाउँपालिकाको सामाजिक विकास समितिका संयोजक | - | संयोजक |
| गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत | - | सदस्य |
| गाउँकार्यपालिकाले तोकेको एक महिला कार्यपालिका सदस्य | - | सदस्य |
| स्वास्थ्य शाखा प्रमुख | - | सदस्य |
| जिन्सी शाखा प्रमुख | - | सदस्य सचिव |

फिक्कल गाउँपालिका



१०. यसै बमोजिम मानिने

(१) यस कार्यविधि जारी हुनुभन्दा पहिले भएका कामकारबाहीहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ। बक्यौता वा हिसाब किताब गर्न बाँकी रहेको भए यस कार्यविधि भन्दा न्यून हुने गरी हिसाब मिलान गर्न पाइने छैन।

११. विविध

(१४) गाउँपालिकामा रहेको एम्बुलेन्स गाउँपालिका को जिन्सी शाखा प्रमुखको पूर्ण नियन्त्रणमा रहनेछ । एम्बुलेन्स चुस्त दुरुस्त राखी मर्मत सम्भार गर्नु पदाधिकारी र कर्मचारी सबैको दायित्व हुनेछ।

(१५) एम्बुलेन्सको आधारभूत कार्य अद्यावधिक राख्ने दायित्व एम्बुलेन्स चालकको हुनेछ।

(१६) एम्बुलेन्स काममा खटाउने वा नखटाउने सिफारिश चालक / व्यवस्थापन समितिको हुनेछ।

(१७) यस कार्यविधिमा समया नुकुल आवश्यक संशोधन वा थपघट गर्नुपर्ने भएमा सञ्चालन तथा व्यवस्थापन समितिको राय बमोजिम गाउँ कार्यपालिकाले थपघट वा संशोधन गर्न सक्नेछ।

फिक्कल गाउँपालिका

## अनुसूची १

(१८) एम्बुलेन्सको भाडा दर प्रति किलोमीटर रु ६५।– का दरले लिइने ।

| क्र स | देखी | सम्म | दर | कैफियत |
|---|---|---|---|---|
| १ | गाउँपालिका कार्यालय खाङसाङ | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |

पिसाङ गाउँपालिका